नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

## प्रवेश शुल्क ठेक्कामा उठाउने बढाबढ सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०६/१५ गते)

**सूचना नं.** ११/०७५/७६

यस समितिद्वारा संचालित कालीमाटी स्थित बजार हाता भित्र प्रवेश गर्ने ढुवानी/सवारी साधनहरुबाट शुल्क उठाई कार्यालयमा बुझाउने सम्बन्धि नियमानुसार समितिले तोकिदिएको दररेटमा मासिक न्यूनतम रकम रु ९,४१,०००।- मु.अ.क वाहेकको मूल्य बढाबढ मार्फत १ (एक) वर्षको लागि प्रवेश शुल्क ठेक्कामा उठाउने कार्य गर्न इच्छुक व्यक्ति, फर्म, ठेकेदार, संघ सस्था वा कम्पनिहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २९ औं दिन सम्म बोलपत्र फारम खरिद गरी ३० औं दिनको १२.०० बजे भित्रमा पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धि विस्तृत सूचना समितिको सूचना पाटीमा र www.kalimatimarket.gov.np मा समेत राखिएको व्यहोरा जानकारी गराईन्छ । यस सम्बन्धी थप जानकारीको लागि समितिको कालीमाटी स्थित कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**कालीमाटी फलफूल तथा तरकारी वजार बिकास समिति**

**प्रवेश शुल्क ठेक्कामा उठाउने वोलपत्र आव्हानको सूचना**

(सूचना प्रकाशित मिति २०७५।६।१५ गते)

सूचना नं. ११।०७५।७६

यस समितिद्धारा संचालित कालीमाटी स्थित बजार हाता भित्र प्रवेश गर्ने ढुवानी/सवारी साधनहरु वाट शुल्क उठाई कार्यालयमा बूझाउने सम्वन्धि नियमानुसार मूल्य वढावढ मार्फत प्रवेश शुल्क ठेक्कामा उठाउने कार्य गर्न इच्छुक व्यक्ति, फर्म, ठेकेदार, संघ सस्था वा कम्पनीहरुलाई यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले २९ औं दिन सम्म खरिद गरी ३० औं दिनको १२ बजे भित्रमा तपसिलमा उल्लिखित शर्तको अधिनमा रहने गरि नियमपुर्वक शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**<u>बोलपत्र पेश गर्दा पालना गर्नु पर्ने शर्तहरु</u>**

१.बोलपत्र फाराम समितिको कार्यालय कालीमाटी र कृषि उपज बजार बालाजु बाट रु.३०००।- (फिर्ता नहुने गरि) मा खरीद गरी प्राप्त गर्न सकिनेछ।

२.बोलपत्र फाराम पेश गर्दा बोलपत्रदाताले कवोल गरेको बार्षिक रकमको २.५ प्रतिशतले हुन आउने रकम धरौटी वापत कालीमाटी स्थित यस समितिको कृषि बिकास बैंकको चल्ती खाता नं. ०२१०३००१६६१२४०१४ मा जम्मा गरिएको भौचर वा १२० दिन म्याद भएको कुनै बाणिज्य बैंकबाट यस समितिको नाममा जारी गरिएको सक्कल विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ।

३.बोलपत्रमा उल्लेख गरिएको दररेट अंक र अक्षरमा स्पष्ट संग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

४.बोलपत्र बुझाउने म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोली पल्ट समेत पेश गर्न सकिनेछ।

५.बोलपत्र फाराम समितिको कार्यालय कालीमाटी र कृषि उपज बजार बालाजु बाट नेपाली नागरिकताको प्रमाणपत्र, नविकरण गरेको व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र मु.अ.क को प्रमाणित प्रतिलिपि सहित निवेदन दिइ खरीद गरी समितिको कार्यालय कालीमाटी वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय,सिंहदरवार,काठमाण्डौंमा श्रीमान् कार्यकारी निर्देशकज्यू लाई सम्बोधन गरी बोलपत्र बुझाउने अन्तिम दिनको १२:०० बजे भित्र बुझाउन सकिनेछ। तर बोलपत्रको बाहीरी फाराममा प्रवेश शुल्क उठाउने सम्वन्धि वोलपत्र भन्ने खुलाएको हुनु पर्नेछ।

६.म्याद नाघेर आएका, शर्त सहितका तथा रित नपुगेका बोलपत्र माथी कुनै किसिमको कारवाही हुने छैन।

७.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समिति संग सुरक्षित रहनेछ।

८.बोलपत्र बुझाउने अन्तिम दिनको १.०० बजे समितिको कार्यालयमा सम्बन्धीत बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा वा अनुपस्थितीमा पनि खोलीनेछ।

९.बोलपत्र स्वीकृत गर्ने आशयको जानकारी समितिको सुचना पाटीमा टाँस गरिनेछ र बोलपत्र स्वीकृत भए पछि बोलपत्रदाताले कबोल रकमको ३ महिना बराबरले हुन आउने रकम र बार्षिक कबोल रकमको ५ प्रतिशत बराबरको रकम पुरै नगद वा पचास प्रतिशत नगद र पचास प्रतिशत वैंक ग्यारेण्टी समितिमा जमानत राखेको हुनु पर्नेछ।

१०.यस सूचनामा उल्लेख नभएका बिषयहरु बोलपत्र फाराम, बिकास समिति ऐन २०१३, समितिको आर्थिक कार्यविधि नियमावली २०७३, खरिद नियमावली २०७३, बजार बिकास तथा संचालन नियमावली २०६० र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

११.बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित सम्पुर्ण शर्तहरु पालन गर्नु पर्नेछ।

१२.प्रबेश शुल्क उठाउने सम्वन्धी सम्झौताको अवधि बढिमा १ वर्षको हुनेछ।

१३.थप जानकारी चाहिएमा यस समितिमा सम्पर्क राख्न सकिनेछ।

| सि.न | कामको विवरण | मासिक न्यूनतम रकम | कैफियत |
|---|---|---|---|
| १. | प्रवेश शुल्क उठाउने (मोटरसाइकल र साइकल बाहेकका गाडिहरुको मात्र) | रु ९,४१०००।- (अक्षरुपी रु नौ लाख एक चालीस हजार मात्र) | यस रकम समितिमा बुझाउनु पर्ने खुद रकम हो। ठेकेदारले यसको अलगै मु.अ.क.रकम थप आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ। |